## खरसाङ नगरपालिकाले पार्किङ व्यवस्था शुरु गर्ने

**खरसाङ, ६ दिसम्बर (हि.स.):** खरसाङ नगरपालिकाले जनताले भोग्न परिरहेको असुविधालाई ध्यानमा राखेर खरसाङ शहरमा चाँडै बाइक–स्कुटीका लागि कर उठाएर पार्किङ व्यवस्था शुरु गर्ने भएको छ। खरसाङ शहरमा जतातत‍ै बाइक–स्कुटी पार्किङ गरेर जनसाधारणलाई हिँड्न असुविधा बनाइरहेको जनगुनासोलाई मध्यनजर राखेर खरसाङ नगरपालिकाले आज खरसाङ ट्राफिक ओसीसँग सभा गरी यस विषयमा चर्चा गरेको छ।

खरसाड बजारको गल्लीतिर जतातत‍ै बाइक–स्कुटी पार्किङ गरेर जनसाधारणलाई असुविधा बनाइरहेको जानकारी गराउँदै खरसाङ शहरका विभिन्न स्थानमा नगरपालिकाले कर उठाएर पार्किङ व्यवस्था चाँडै शुरु गर्ने जानकारी गराइएको छ। अर्कोतिर, खरसाङ नगरपालिकाले शहरमा हिँड्ने बाटोमा अवैध दोकानलाई हटाउने कार्य जारी राखेको छ। आज पनि खरसाङ बजारको निरीक्षण गरेर कतिपय स्थानबाट सामान उठाउने कार्य गरेको छ। यस विषयमा पत्रकारहरूसित कुराकानी गर्दै खरसाङ नगरपालिकाका भाइस चेयरम्यान सुवास प्रधानले खरसाङ नगरपालिकाले बजारमा अवैध दोकान हटाउने कार्य गरिरहँदा जनसाधारणबाट पाएको जनगुनासोलाई ध्यानमा राख्दै खरसाङ बजारमा बाइक र स्कुटीको व्यवस्थित पार्किङ सुनिश्चित गर्न पहल गर्ने बताए। उनले यसको लागि खरसाङ ट्राफिक पुलिस ओसीसित सौहार्दपूर्ण वातावरणमा सभा गरिएको जानकारी दिए।

भाइस चेयरम्यान प्रधानले अब खरसाङ बजारमा जनसाधारण हिँड्ने ठाउँतिर जथाभावी बाइक–स्कुटी पार्किङ हटाउने र चाँडै कर तिरेर बाइक–स्कुटीको पार्किङ व्यवस्था गरिने बताए। उनले जथाभावी बाइक–स्कुटी पार्किङ नगर्न अनुरोध गर्दै अब जथाभावी पार्किङ गरिएको पाइएमा जरिमाना तिराउने बताए। खरसाङ ट्राफिक पुलिसका ओसीसित भएको सभामा भाइस चेयरम्यान सुवास प्रधानलगायत अभियन्ता सञ्जय थापा, सोनाम लामा, कुन्दन छेत्री उपस्थित रहेका थिए।

## विधायक आदित्य गोलेद्वारा सोरेङ–च्याखुङ समष्टिमा पाँचवटा घरको उद्घाटन



**सोरेङ, ६ दिसेम्बर (सरोज गुरुङ):** विधायक आदित्य गोलेले शुक्रवार सोरेङ–च्याखुङ समष्टिको च्याखुङमा भोजराज गुरुङ, मेन्दोगाउँमा सेवान गुरुङ, छोटा साम्दोङमा सिंहधोज लिम्बू, मङ्सारीमा दावा तामाङ र लोअर टिम्बुरबुङमा मनबहादुर छेत्रीको सिक्किम गरीब आवास योजनाअन्तर्गत नवनिर्मित घरको उद्घाटन गरेर लाभार्थीलाई समर्पित गरे। आज सम्पन्न सिक्किम गरीब आवास योजनाद्वारा निर्मित घर उद्घाटन कार्यक्रममा विधायक गोले मुख्य अतिथिको रूपमा उपस्थित थिए। उनको साथमा चुम्बुङका खण्ड विकास अधिकारी आरके गुरुङ, स्थानीय जिल्ला पञ्चायत सदस्य दीपक गुरुङ, पञ्चायत सभापति करुणा दर्नालसहित अन्य पञ्चायत, खण्ड प्रशासनिक केन्द्रका सहायक अभियन्ता गोविन्द धिताल, सीएलसी अध्यक्ष भानु सुब्बा, सम्बन्धित विभागका कर्मचारी र लाभार्थीहरूको उपस्थिति थियो। लाभार्थीहरूलाई नवनिर्मित घर समर्पण गरेपछि विधायक गोलेले यी सबै कल्याणकारी योजना एसकेएम सरकारले गरीब जनताको हितमा गरिरहेको बताए। बीडीओ आरके गुरुङले विधायक गोलेलाई आज उद्घाटित घरबारे विस्तृत रूपमा जानकारी दिएका थिए।

## रानीपुल सरस्वती विद्या निकेतनको वार्षिक कार्यक्रममा शिक्षा मन्त्री उपस्थित रहने

**गान्तोक, ६ दिसम्बर (हि.स.):** विद्या भारती सिक्किमद्वारा रानीपुलमा सञ्चालन भइरहेको सरस्वती विद्या निकेतनको वार्षिक कार्यक्रम आगामी ९ दिसम्बरको दिन आयोजना गरिने भएको छ। रानीपुल छेउ कृषि विश्वविद्यालयको प्रेक्षागृहमा आयोजना गरिने विद्यालयको वार्षिक कार्यक्रममा सिक्किम सरकारका शिक्षा मन्त्री राजु बस्नेत मुख्य अतिथिको रूपमा उपस्थित रहनेछन्।

२०१० मा स्थापना भएको यस विद्यालयले हाल १४ वसन्त पार गर्नु लागेको छ। वर्तमानमा निम्न माध्यमिक स्तरसम्म सञ्चालन भइरहेको यस विद्यालयमा ३०० विद्यार्थी अध्ययनरत् छन्। भविष्यमा यस विद्यालयलाई बढोत्तरी गरेर माध्यम र उच्च माध्यमिक स्तरसम्म बनाउने लक्ष्य विद्यालयको रहेको विद्या भारती सिक्किमका कार्यालय सचिव सूर्य धितालले बताएका छन्।

धितालले जानकारी गराउँदै भने, ''सिक्किम सरकारको शिक्षा विभागमा पञ्जीकृत यो विद्यालय एउटा गैर सरकारी संस्था विद्या भारतद्वारा सञ्चालित छ। यसका साथै राज्यका सबै जिल्लामा विद्या भारती सिक्किममा सम्बद्ध विद्यालय र संस्कार केन्द्रहरू सञ्चालित छन्।'' उनले विद्यालयको वार्षिक कार्यक्रम आयोजन गर्नुको उद्देश्य विद्यार्थीहरूको हौसला र आत्मविश्वास बढाउँदै समग्र विकास सुनिश्चित गर्नु रहेको बताए। यस अवसरमा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम र प्रतिभा प्रदर्शन पनि प्रस्तुत गर्नेछन्। कार्यक्रममा विशिष्ट व्यक्तिहरूलाई अभिनन्दन पनि जनाइनेछ। कार्यक्रममा गणमान्य व्यक्ति, विद्या भारती सिक्किमका पदाधिकारी, प्रधानाचार्य, शिक्षक, अभिभावक र शुभचिन्तकहरूको उपस्थिति रहने कार्यालय सचिव धितालले आज जारी एक प्रेस विज्ञप्तिमा जानकारी गराएका छन्।

## सार्की कल्याण समाजको सभा गान्तोकमा सम्पन्न

**गान्तोक, ६ दिसम्बर:** सिक्किम सार्की कल्याण समाजको विशेष सभा बिहीवार अध्यक्ष अमिना सार्कीको सभापतित्वमा विकास क्षेत्रस्थित नवनिर्मित अनुसूचित जाति भवनको सभाकक्षमा सम्पन्न भयो। सभामा राज्यका सबै जिल्लाका सुदूरवर्ती इलाकाबाट सार्की समुदायका मानिसहरूले सहभागी जनाए। सभामा विशेष गरी सिक्किममा सार्की समुदायको जनसङ्ख्या लघु स्थितिमा पुगेको सोचनीय विषय भएकोमा विचार–विमर्श गरियो। आगामी दिनमा नेपाली जातिको संस्कृति महत्त्वपूर्ण घटक रहेको सार्की जातिको संस्कृतिलाई संवर्धन एवं संरक्षणसहित विकसित गर्ने जिम्मेवारी समाजको काँधमा आइपरेको र आगामी दिनमा यसलाई सफल बनाउने दिशामा काम गर्ने विषयमा चर्चा गरियो।

आज सार्की समुदायको उत्थानको निम्ति अखिल सिक्किम अनुसूचित जाति कल्याण सङ्घले उल्लेखनीय कार्य गरिरहेको छ। वर्तमान सिक्किम सरकारले पनि गहन चासो देखाएको विषयमा सभामा जानकारी गराइयो। सभामा अजाकसका मुख्य सल्लाहकार जीतमान माले, अवकाशप्राप्त शिक्षक एवं सामाजिक कार्यकर्ता रामबहादुर सार्कीले आआफ्ना धारणा राखे। यसैगरी केबी सार्की, दिलमाया सार्की र अध्यक्ष अमिना सार्कीले पनि समुदायको विचारका लागि गर्नुपर्ने कार्यबारे अवगत गराए। राजनकुमार सुन्दासले समाजको पञ्जीकरणको विषयमा सबै सदस्यलाई जानकारी गराए।

चुनाउ उपसमितिकी अध्यक्ष दिलकुमारी सार्कीले रामबहादुर सार्कीलाई वरिष्ट मुख्य सल्लाहकार, प्रितम सार्कीलाई सहायक महासचिव, र साजन सार्कीलाई सहायक कोषाध्यक्ष पदमा नियुक्त गरेको घोषणा गरिन्। यसरी नै अन्य तीनजनलाई कार्यकारिणी सदस्य नियुक्त गरिएको आरके सुन्दासद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

## मृदा दिवसको अवसरमा कृषकहरूलाई टोकन वितरण




**गेजिङ, ६ दिसम्बर:** गेजिङ–बर्मेक समष्टिका विद्यायक एवं सल्लाहकार लोकनाथ शर्माले बिहीवार समष्टिको १३ माइल बर्मेक सामुदायिक भवनमा आयोजित विश्व मृदा दिवसको अवसरमा कृषि विभाग अधीनस्थ कृषकहरूलाई सामग्री टोकन वितरण गरे। कार्यक्रममा विधायक शर्मा प्रमुख अतिथिका रूपमा उपस्थित थिए। साथमा जिल्ला पञ्चायत राजकुमार राई, ग्राम पञ्चायत अध्यक्ष गणेशकुमार शर्मा, तिलमाया दर्जी, रिता सुब्बा, विष्णुमाया छेत्री र सोमकुमार राई, खण्ड विकास अधिकारी कैलाश गुरुङ, कृषि विभागका उपानिर्देशक सुरज क्षेत्री, बागवानी विभागका उपनिर्देशक डा. हेमन्त घिमिरे, कृषक र अन्यको उपस्थिति रहेको थियो।

यस अवसरमा माटोको अम्ल र यसको व्यावस्थापनबारे जागरूक तथा तालिम गराएको थियो भने कृषि विभागका उपनिर्देशक सुरज छेत्रीले यस विषयमा प्रकाश पारे। कार्यक्रमलाई सम्बोधन गर्दै क्षेत्र विधायक शर्माले माटोको विशेषता र महत्त्वबारे बताउँदै माटोको महत्त्वलाई कहिल्यै भुल्न नहुने कुरामाथि जोड़ दिए। राज्यका मुख्यमन्त्रीले कृषि क्षेत्रमा गरेको घोषणा र योजनाबारे पनि उनले सबैलाई स्मरण गराए। यस अवसरमा विधायक लोकनाथ शर्माका बाहुलीबाट कृषि विभागद्वारा क्षेत्रका किसानहरूलाई १६६ यूभी फिल्म, १३० एग्रोशेड नेट, ३६ मल्चिङको टोकन वितरण गरियो।

## साम्डुप्चे गुम्पामा तीनदिने तारा डोरमा साधना पूजा शुरु



**नाम्ची, ६ दिसम्बर:** नाम्चीको साम्डुप्चे गुम्पामा शुक्रवारदेखि तीनदिने तारा डोलमा साधना पूजा शुरु भएको छ। पूजालाई सफल बनाउन ग्याल्वा खाम्डुल रिम्पोछे र खाम्टा रिम्पोछेको उपस्थिति रहेको छ। यो साधना पूजाको आयोजना साम्डुप्चे प्रबन्धन समिति र नाम्ची परिसरका गुम्पाहरूको सहयोगमा छेचु नेरना थोकपा र लिभ टू लभ (सिक्किम च्याप्टर)–ले गरेका हुन्।

उल्लेखनीय छ, तारा डोल्मा साधनाको विशेषता मनको शक्ति र आध्यात्मिक ज्ञानको उजागर गर्नु रहेको बताइएको छ। यस क्रममा पत्रकारहरूसँग कुराकानी गर्दै ग्याल्वा खाम्डुल रिम्पोछेले गुरुको आशीर्वादले आफू यहाँसम्म पुग्न सकेको जनाउँदै बुद्धत्व मनको कुरा रहेको बताए। बौद्ध धर्मले नारी र पुरुषलाई एउटै दृष्टिकोणले हेर्ने गरेको उनले उल्लेख गरे। यस अवसरमा मुख्यमन्त्रीकी धर्मपत्नी कृष्णकुमारी राई, नाम्ची–सिङ्गिथाङ समष्टिका विधायक सतीशचन्द्र राई, सिक्किम, दार्जीलिङ, कालेबुङ, डुवर्स आदि स्थानका भक्तजनको उपस्थिति रहेको छ।

## गरीब जनकल्याण प्रकोष्ठद्वारा गल ब्ल्याडर स्टोनको शल्यक्रिया शिविर आयोजित

**गान्तोक, ६ दिसम्बर (हि.स.):** मुख्यमन्त्री पीएस गोलेको निर्देशनमा गरीब जनकल्याण प्रकोष्ठद्वारा गरिबी रेखामुनिका रोगीहरूका लागि गल ब्ल्याडर स्टोनको निशुल्कः शल्यक्रिया गर्ने क्रम निरन्तर चलिरहेको छ। राज्यभित्रका सरकारी अस्पतालहरूमा पनि गल ब्ल्याडर स्टोनको शल्यक्रिया गर्रिंदैछ भने अस्पतालमा बिरामी अत्यधिक रहेकोले राज्य बाहिरका अस्पतालहरूमा शिविर लगाएको बताइएको छ।

प्रकोष्ठका संरक्षक प्रभाकर गोलेसहित न्यूटिया अस्पतालका प्रतिनिधिहरूले एक संयुक्त पत्रकार सम्मेलन आयोजना गरेर यसबारे जानकारी गराएका छन्। सम्मेलनलाई सम्बोधन गर्दै संरक्षक गोलेले साप्ताहिक रूपमा बिरामीको परीक्षण गरेको र शल्यक्रिया पनि गर्रिंदै आएको अवगत गराए। उनले शल्यक्रियाका लागि बिरामीहरूलाई लैजाँदा प्रदान गरिने सुविधाबारे पनि जानकारी गराए।

एसकेएम पार्टी सरकारमा आएपछि मुख्यमन्त्री पीएस गोलेको परिकल्पनाअनुरूप भ्रातृ सङ्गठन जनकल्याण प्रकोष्ठ गठन गरेर यस्तो पहल शुरु गरिएको उनले बताए। सम्मेलनलाई न्यूटिया अस्पतालका प्रतिनिधिले पनि सम्बोधन गरेका थिए।

## रवि तोलङ्गीलाई डा. भीमराव अम्बेडकर राष्ट्रिय फेलोशिप पुरस्कार प्रदान गरिने



**खरसाङ, ६ दिसम्बर (हि.स.):** भारतीय दलित साहित्य अकादमी नयाँ दिल्लीबाट प्रदान गरिने डा. भीमराव अम्बेडकर राष्ट्रिय फेलोशिप पुरस्कार यो वर्ष खरसाङ भारतीय गोर्खा सार्की खरसाङ महकुमाका सचिव रवि तोलङ्गीलाई प्रदान गरिने भएको छ। दलितहरूको हितमा सदैव कार्य गर्ने व्यक्तिलाई प्रदान गरिने डा. भीमराव अम्बेडकर राष्ट्रिय फेलोशिप पुरस्कार प्रत्येक वर्ष प्रदान गरिन्छ।

यो वर्ष दलितहरूको हित साथै समाज हितमा सदैव कार्य गरिरहने खरसाङ भारतीय गोर्खा सार्की समाजका सचिव तथा खरसाङको वार्ड नम्बर १० गान्धी ग्राम निवासी रवि तोलङ्गीलाई प्रदान गरिने जानकारी सार्की समाजको तर्फबाट सभापति योगेन्द्र मङ्ग्रातीले दिएका छन्। रवि तोलङ्गीलाई उक्त पुरस्कार आगामी ८ दिसम्बरमा नयाँ दिल्लीमा प्रदान गरिनेछ।

आफूलाई डा. भीमराव अम्बेडकर राष्ट्रिय फेलोशिप पुरस्कार प्रदान गरिने घोषणा भएपछि रवि तोलङ्गीले हर्षबोध गर्दै जातिहित र समाजको लागि अझै धेरै कार्य गर्ने नयाँ ऊर्जा प्राप्त भएको बताएका छन्। उक्त पुरस्कारको लागि आयोजक समिति र पुरस्कार चयन समितिलाई उनले धन्यवाद ज्ञापन गरे। पुरस्कारको लागि सार्की समाज खरसाङको तर्फबाट सभापति योगेन्द्र मङ्ग्राती, उपसभापति अर्जुन सार्की, सह सचिव निरज मङ्ग्रातीलगायत सम्पूर्ण सार्की समाज खरसाङको कार्यकारी समितिले डा. भीमराव अम्बेडकर राष्ट्रिय फेलोशिप पुरस्कारको लागि सचिव रवि तोलङ्गीलाई बधाई तथा शुभकामना दिएका छन्।







**POWERLINKS TRANSMISSION LIMITED**
(A Joint Venture of TATA Power & Powergrid)

**Registered Office:** Powerlinks Transmission Limited, 10th Floor, DLF Tower A, District Centre Jasola, New Delhi 110025

### जनसूचना

केन्द्रिय विद्युत नियामक आयोग (व्यवसाय सञ्चालन) विनियमन 2023 को विनियमन 23 को खण्ड (7) को अनुपालनमा पावरलिंक्स ट्रान्समिसन लिमिटेड (''निवेदक'') को निवेदनमा सुझाउ/आपत्तिहरू वित्तीय वर्ष 2024-29 र वित्तीय वर्ष 2019-24 को लागि वार्षिक ट्रान्शमिशन शुल्क ट्रुइंग–अपको निम्ति प्रस्तावित वार्षिक प्रसारण शुल्कको स्वीकृतिको लागि सूचना आमन्त्रित गरिन्छ।

1. निवेदकले वित्तीय वर्ष 2024-29 को अवधिको लागि माननीय केन्द्रिय विद्युत नियामक आयोग, नयाँ दिल्ली (माननीय आयोग) समक्ष सीईआरसी (दरसूचीको नियम तथा शर्त) नियम 2024 अन्तर्गत र सीईआरसी (दरसूचीको नियम तथा शर्त) 2019 विनियमन अन्तर्गत वित्तीय वर्ष 2019-24 को लागि ट्रुइंग अन्तर्गत वार्षिक प्रसारण शुल्कको स्वीकृतिको लागि दरसूची निर्धारणको निम्ति एक याचिका दर्ता गरेका छन्, जुन ताला जलविद्युत आयोजनासँग सम्बद्ध संयुक्त प्रसारण प्रणालीको लागि सीईआरसी (व्यवसायको सञ्चालन) नियमावली 2023 को नियमावली 23 र विद्युत ऐन 2003 को धारा 79 सँग पठन गरिनुपर्ने सीईआरसी (दरसूचीको नियम र शर्तहरू) विनियम अन्तर्गत शुल्क समावेश रहेको छ।

(i) 400 केभी डबल सर्किट सिलगढ़ी–पूर्णियाँ ट्रान्समिशन लाइन, 400 केभी डबल सर्किट पूर्णियाँ–मुजफ्फरपुर ट्रान्समिशन लाइन र 220 केभी डबल सर्किट मुजफ्फरपुर (पीजीसीआईएल)– मुजफ्फरपुर (बीएसईबी) ट्रान्समिशन लाइन, पूर्वी क्षेत्रमा;
(ii) 400 केभी डबल सर्किट मुजफ्फरपुर–गोरखपुर पूर्व–उत्तरी अन्तर–क्षेत्रमा प्रसारण लाइन; र
(iii) 400 केभी डबल सर्किट गोरखपुर–लखनउ प्रसारण लाइन र 400 केभी डबल सर्किट बरेली–मन्डोला ट्रान्समिशन लाइन, उत्तरी क्षेत्रमा

2. ट्रान्समिशन प्रणालीका लाभार्थीहरू हुन्ः
(क) भारतीय पावरग्रिड कर्पोरेशन लिमिटेड
(ख) राजस्थान राज्य विद्युत प्रसार निगम लिमिटेड
(ग) अजमेर विद्युत वितरण निगम लिमिटेड
(घ) जयपुरविद्युत वितरण निगम लिमिटेड
(ङ) जोधपुर विद्युत वितरण निगम लिमिटेड
(च) पंजाब स्टेट पावर कर्पोरेशन लिमिटेड
(छ) हरियाणा पावर परचेज सेन्टर
(ज) उत्तर प्रदेश पावर कर्पोरेशन लिमिटेड
(झ) विद्युत विकास विभाग (जम्मू तथा कश्मीर)
(ञ) दिल्ली ट्रान्सको लिमिटेड
(ट) हिमाचल प्रदेश राज्य बिजुली बोर्ड
(ठ) चण्डीगढ़ प्रशासन
(ड) उत्तराखण्ड पावर कर्पोरेशन लिमिटेड
(ढ) उत्तरी मध्य रेलवे
(ण) बीएसईएस यमुना पावर लिमिटेड
(त) बीएसईएस राजधानी पावर लिमिटेड,
(थ) टाटा पावर दिल्ली वितरण लिमिटेड
(द) नयाँ दिल्ली नगर परिषद,
(ध) बिहार स्टेट पावर (होल्डिंग) कम्पनी लिमिटेड
(न) पश्चिम बंगाल राज्य विद्युत वितरण कम्पनी लिमिटेड,
(प) ग्रिड निगम उड़ीसा लिमिटेड
(फ) झारखण्ड राज्य विद्युत बोर्ड
(ब) दामोदर भ्याल्ली निगम,
(भ) विद्युत विभाग (सिकिम सरकार)

**3. ट्रान्समिशन लाइन लम्बाइ**
क. सिलगढ़ी – पूर्णियाँ : 320 सीकेटी–किमी
ख. पूर्णियाँ–मुजफ्फरपुर : 478 सीकेटी–किमी
ग. मुजफ्फरपुर – मुजफ्फरपुर : 48 सीकेटी–किमी
घ. मुजफ्फरपुर–गोरखपुर : 520 सीकेटी–किमी
ङ. गोरखपुर– लखनऊ : 492 सीकेटी–किमी
च. बरेली – मन्डोला : 472 सीकेटी–किमी

4. परियोजनाको स्वीकृत संयुक्त पूँजी लागत (यसमा विशेष उपकरण, स्थापना, आकस्मिकता र आईडीसीको विभाजित लागत समावेश छ)ः रु. 161178 लाख प्राधिकरण जसले ऊर्जाको पूँजी लागत मन्त्रालय स्वीकृत गरेको छ
5. वाणिज्य सञ्चालनको अनुसूचित मितिः 01.07.2006।
6. वाणिज्य सञ्चालनको वास्तविक मितिः 01.09.2006
7. व्यावसायिक सञ्चालनको मितिअनुसार संयुक्त पूँजी लागतः रु. 140780 लाख
8. दरसूचीको विवरणः

| ट्रान्समिशन प्रणालीको नाम | ट्रुइंग-अप (रुपियाँ लाखमा) को लागि वार्षिक रूपमा ट्रान्समिशन शुल्क | | | | |
|---|---|---|---|---|---|
| | 2019-20 | 2020-21 | 2021-22 | 2022-23 | 2023-24 |
| संयुक्त परिसम्पत्ति | 15289.55 | 15179.07 | 13887.70 | 13804.80 | 13758.95 |
| | प्रस्तावित वार्षिक रूपमा ट्रान्समिशन शुल्क (रुपियाँ लाखमा) | | | | |
| | 2024-25 | 2025-26 | 2026-27 | 2027-28 | 2028-29 |
| | 13652.38 | 14226.27 | 15383.48 | 16165.89 | 16333.38 |

9. दरसूची निर्धारणको लागि गरिएको निवेदनको प्रतिलिपि निवेदकको वेबसाइटमा **https://powerlinks.co.in/doc/Petition%20%20Tariff%20for%20FY%202024%20-%2029.pdf** यूआरएलसहित पोस्ट गरिएको छ।
10. याचिका निर्धारणसम्बन्धी प्रस्तावहरूमा सुझाउ र आपत्तिहरू समावेश छन्। निवेदनमा कुनै पनि व्यक्तिले माननीय आयोगको ई–फाइलिङ पोर्टल मार्फत हितग्राही (हरू) लगायतले यो सूचना प्रकाशित भएको दिनदेखि 30 भित्रमा निवेदनकर्तालाई प्रतिलिपि (ई–मेलः pankaj.prakash@tatapower.com) मार्फत दर्ता गर्न सक्नेछन्।

Place : Noida
Date : 07.12.2024

Mr. Avinash Chander Dhawan
Chief Finance Officer- Powerlinks Transmission Ltd.


Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादकः राजेन्द्र प्रधान, सम्पादकः श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्सः 231265। ईमेलः himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386